AEC
Australian Electoral Commission


Nepali/नेपाली

# आधिकारिक निर्देशिका
## फेरर उपनिर्वाचनको लागि
### शनिबार 9 मे 2026




**मतदान गर्नु अनिवार्य छ**

फेररमा मतदानका लागि नामांकित भएका 18 वर्ष र सोभन्दा माथिका सम्पूर्ण अष्ट्रेलियनहरूको लागि।




**FARRER**
**BY-ELECTION**
**2026**

aec.gov.au

न्यू साउथ वेल्सको फेररको संघीय निर्वाचन क्षेत्रमा मतदान गर्न दर्ता भएका व्यक्तिहरूका लागि।

# फेरर उपनिर्वाचन **शनिबार 9 मे 2026** मा हुनेछ। मतदान स्थलहरू बिहान ठिक 8 बजे खुल्ने छन् र बेलुका ठिक 6 बजे बन्द हुनेछन्।

## किन ?

यो उपनिर्वाचन फेररका निर्वाचित सदस्यले राजीनामा दिएकाले हुन लागेको छ। तपाईंले प्रतिनिधि सभाको लागि फेररको संघीय निर्वाचन क्षेत्रको प्रतिनिधि चयन गर्न मतदान गर्नुहुनेछ।

## कसले मतदान गर्नु पर्छ ?

यदि तपाईं फेररमा मतदान गर्न दर्ता हुनुभएको छ भने तपाईंले उपनिर्वाचनमा मतदान गर्न आवश्यक छ। तपाईंले **aec.gov.au/check** मा आफ्नो मतदाता विवरण जाँच गर्न सक्नुहुन्छ वा तपाईंलाई मद्दत चाहिएमा **13 23 26** मा फोन गर्न सक्नुहुन्छ।

## निर्वाचनको दिन मतदान

निर्वाचनको दिन तपाईंले फेररको संघीय निर्वाचन क्षेत्रको कुनै पनि मतदान स्थलमा मतदान गर्न सक्नुहुन्छ।

तपाईंले अन्तिम पटक मतदान गरेदेखि स्थानहरू परिवर्तन भएको हुन सक्छ। कहाँ गएर मतदान गर्ने थाहा पाउन **aec.gov.au/where** मा जानुहोस्।

मतदान स्थलहरूको अन्तिम सूची र उम्मेद्वारहरूको सूची शुक्रबार 8 मे 2026 मा *द सिड्नी मर्निङ हेराल्ड, द डेली टेलिग्राफ, द बोर्डर मेल, द डेली एडभर्टाइजर (वागा वागा) र सनरेसिया डेली* मा प्रकाशित गरिनेछ।

उम्मेद्वार र मतदान स्थलहरू केही क्षेत्रीय अखबारहरूमा पनि प्रकाशित गरिनेछ र **aec.gov.au/farrer** मा हेर्न सकिने छ।

## यदि निर्वाचनको दिनमा म आउन सकिन भने के हुन्छ ?

यदि तपाईं उक्त दिन आउन सक्नुहुन्न भने, तपाईं व्यक्तिगत रूपमा वा हुलाकमार्फत अग्रिम मतदान गर्न योग्य हुन सक्नुहुन्छ।

तपाईं व्यक्तिगत रूपमा अग्रिम मतदान गर्न योग्य हुनुहुन्छ कि हुनुहुन्न भन्ने थाहा पाउन **aec.gov.au/early** मा जानुहोस्।

यदि तपाईं योग्य हुनुहुन्छ भने तपाईंले **मंगलबार 28 अप्रिल 2026** देखि कुनै पनि प्रारम्भिक मतदान केन्द्रमा गएर मतदान गर्न सक्नुहुन्छ।

यदि तपाईं दुर्गम क्षेत्रमा बस्नुहुन्छ वा आवासीय वृद्ध हेरचाह, स्वास्थ्य हेरचाह वा त्यस्तै वातावरणमा हुनुहुन्छ भने **aec.gov.au/farrer** मा गएर वा **13 23 26** मा फोन गरेर दुर्गम वा मोबाइल मतदान विकल्पहरूका बारे थाहा पाउनुहोस्।

हुलाकी मतदानको लागि तपाईं योग्य हुनुहुन्छ कि हुनुहुन्न भनेर थाहा पाउन र आवेदन दिन **aec.gov.au/postal** मा जानुहोस्।

**हुलाकी मतदानका लागि आवेदनहरू अष्ट्रेलियन निर्वाचन आयोग (AEC) द्वारा बुधवार, 6 मे 2026 अष्ट्रेलियाली पूर्वीय स्ट्याण्डर्ड समय (AEST) अनुसार बेलुकाको 6 बजेभन्दा अगाडि नै प्राप्त हुनुपर्दछ।**

स्थानहरू, खुल्ने मिति र समय सहित सबैभन्दा ताजा विवरणहरूको लागि, **aec.gov.au/farrer** मा जानुहोस् वा **13 23 26** मा फोन गर्नुहोस्।

**सुझाव**

यदि तपाईंलाई मद्दत चाहिएमा, तपाईंले **मतदान अधिकारीलाई सोध्न सक्नुहुन्छ।**




## अगाडि नै मतदानको योजना बनाउनुहोस्

तपाईं मतदान गर्न जानु अगाडि नै उम्मेद्वारहरू र प्राथमिकताहरूका बारे अनुसन्धान गर्नुहोस्। उम्मेद्वारहरूको सूची **aec.gov.au/farrer** मा उपलब्ध छ।


## मतदान स्थलमा के हुन्छ ?

- एक मतदान अधिकारीले तपाईंको पूरा नाम र ठेगाना तथा तपाईंले यस निर्वाचनमा यसअघि मतदान गर्नुभएको छ कि छैन भनेर सोध्नेछन्।
- मतदाता नामावलीमा तपाईंको नाममा चिन्ह लगाइनेछ।
- तपाईंलाई प्रतिनिधि सभा (House of Representatives) को लागि तपाईंको हरियो मतपत्र दिइनेछ।
- मतपत्रमा भएका निर्देशनहरू ध्यानपूर्वक पढ्नुहोस् ।
- तपाईंले AEC पेन्सिल प्रयोग गर्न सक्नुहुन्छ वा तपाईंले आफ्नै पेन्सिल वा कलम ल्याउन सक्नुहुन्छ।
- तपाईंले आफ्नो मत गणना योग्य बनाउन प्रत्येक बक्सालाई नम्बर दिनु पर्दछ।
- तपाईंले आफ्नो मतपत्र पूरा भरिसकेपछि, त्यसलाई तोकिएको मतपेटिकामा खसाल्नु पर्दछ।

**AEC ले मतदान स्थलहरूमा सम्मानजनक व्यवहारको लागि प्रोत्साहन र अपेक्षा गर्दछ।**

यस निर्देशिकामा उपलब्ध जानकारीले मुद्रणको समयका परिस्थितिहरूलाई प्रतिबिम्बित गर्दछ।

# आफ्नो मतलाई
# कसरी **गणना योग्य** बनाउने



फेरर उपनिर्वाचनको लागि तपाईंलाई हरियो मतपत्र दिइनेछ।

तपाईंले प्रतिनिधि सभाको लागि फेररको संघीय निर्वाचन क्षेत्रको प्रतिनिधि चयन गर्न मतदान गर्नुहुनेछ।

याद राख्नुहोस् कि संघीय उपनिर्वाचनमा हुने मतदान एन.एस.डब्ल्यू. को राज्य निर्वाचन वा उपनिर्वाचनमा हुने मतदान भन्दा फरक हुन्छ। यो संघीय उपनिर्वाचनले पूर्ण अधिमान्य मतदानको प्रयोग गर्दछ।

**तपाईंले कसलाई भोट दिनुहुन्छ भन्ने तपाईंको निर्णय हो।**

---

**तपाईंको मत गणनायोग्य वा सदर हुन तपाईंले प्रत्येक बक्सालाई तपाईंको चयन प्राथमिकताको क्रममा नम्बर दिनु अनिवार्य हुन्छ।**


---

**यदि तपाईंले गल्ती गर्नुभयो भने तपाईं अर्को मतपत्रको लागि आग्रह गर्न सक्नुहुन्छ र फेरि शुरू गर्न सक्नुहुन्छ।**

**सुझाव**

अधिमान्य मतदान भनेको तपाईंले आफ्नो छनौटको क्रममा **उम्मेद्वारहरूलाई श्रेणीबद्ध** गर्नुहुन्छ।

अधिक जानकारीका लागि **aec.gov.au/preferential** मा जानुहोस्।



House of Representatives
Ballot Paper

OFFICIAL USE ONLY

State
**Electoral Division of Division Name**

**Number the boxes from 1 to 8 in the order of your choice**

| | | |
|---|---|---|
| | 2 | SURNAME, Given Names<br>INDEPENDENT |
| LOGO | 3 | SURNAME, Given Names<br>PARTY |
| LOGO | 7 | SURNAME, Given Names<br>PARTY |
| LOGO | 8 | SURNAME, Given Names<br>PARTY |
| LOGO | 1 | SURNAME, Given Names<br>PARTY |
| | 5 | SURNAME, Given Names<br>PARTY |
| LOGO | 6 | SURNAME, Given Names<br>PARTY |
| LOGO | 4 | SURNAME, Given Names<br>PARTY |

Remember... number every box to make your vote count

उदाहरणको लागि मात्र

नमूना मतपत्र



मतदानको अभ्यास गर्न चाहनुहुन्छ? **aec.gov.au/practise** मा जानुहोस्।

# रोक्किनुहोस् र विचार गर्नुहोस्

## उपनिर्वाचनको समयमा तपाईंले तपाईंको मतलाई प्रभाव पार्न तयार पारिएका धेरै जानकारी देख्नुहुनेछ।

विविध स्रोतहरूबाट आउने सूचनाहरू लोकतान्त्रिक प्रक्रियाको एक महत्वपूर्ण अंग हो। यसले उम्मेद्वार, राजनीतिक दलहरू र अन्य सबैलाई उनीहरूको नीति तथा मान्यताहरूलाई प्रस्तुत गर्ने अवसर दिन्छ।

तथापि, केही सुचना गलत वा भ्रामक हुन सक्छन्। तपाईंले फेरर उपनिर्वाचन प्रक्रियाका बारेमा देखेका, सुनेका वा पढेका कुराहरूलाई राम्ररी सोचविचार गर्न आवश्यक हुन्छ।

### निम्न कुराहरू विचार गर्न समय लिनुहोस्:

- **कहाँ**बाट त्यो सूचना आएको हो? के त्यो विश्वासयोग्य संचार माध्यमबाट वा आधिकारिक सामाजिक संजाल अकाउन्टबाट आएको हो?
- **कहिले** त्यो सूचना प्रकाशित भएको थियो? वर्तमानमा सटीक नरहने पुराना जानकारीहरू नयाँ देखिने गरी प्रचारमा ल्याइएको हुन सक्छ।
- **जाँच्नुहोस्** यदि तपाईं निश्चित हुनुहुन्न भने। कृत्रिम बुद्धिमत्ता (artificial intelligence) प्रविधिले मतदान प्रक्रियाको बारे गलत सूचनाहरू तयार गर्न सजिलो बनाउँछ।

यदि तपाईं फेरर उपनिर्वाचन प्रक्रियाको बारेमा केही जानकारी देखुभयो, विशेषगरी तपाईंले सोशल मिडिया र अनलाइनमा देखेका जानकारी, जसका बारे तपाईं अनिश्चित हुनुहुन्छ भने AEC लाई सोध्नुहोस्।

थप जानकारी र उपयोगी सुझावहरू भएका छोटो भिडियोहरूको लागि **aec.gov.au/stopandconsider** मा जानुहोस्।




### उपलब्ध जानकारी

दृष्टिविहीन र कमजोर दृष्टि भएकाहरूको लागि मतदान विकल्पहरूका बारे थाहा पाउन **13 23 26** मा फोन गर्नुहोस्।

अँग्रेजी भाषाको आधिकारिक निर्देशिका **aec.gov.au/guide** मा अडियो, ठूलो प्रिन्ट र ई-टेक्स्ट फर्म्याटमा उपलब्ध छ।

**13 23 26** मा फोन गरेर यी फर्म्याटहरू वा ब्रेल को लागि अनुरोध गर्नुहोस्।

यदि तपाईं कान नसुन्ने हुनुहुन्छ वा सुन्न समस्या छ भने राष्ट्रिय रिले सेवा (National Relay Service वा NRS) लाई सम्पर्क गर्नुहोस्। तपाईंले चाहेको फोन च्यानल (call channel) प्रयोग गर्नुहोस् र NRS लाई हाम्रो नम्बर **13 23 26** दिनुहोस्।

Auslan दोभाषे सेवाहरू पनि उपलब्ध छन्। थप जानकारीका लागि **aec.gov.au/assistance** मा जानहोस्।

**सुझाव**

तपाईंले मतदानस्थलहरूको सुगमता मूल्याङ्कन र विवरणहरूका बारे **aec.gov.au/farrer** मा गएर थाहा पाउन सक्नुहुन्छ।



### अनुवाद गरिएको सूचना

यो आधिकारिक निर्देशिका इटालियन र नेपालीमा अनुवाद गरिएको छ र **aec.gov.au/guide** मा उपलब्ध छ।

टेलिफोन दोभाषे सेवाहरू पनि उपलब्ध छन्। नेपाली भाषामा मा मतदान र चुनावको बारेमा जानकारीको लागि **1300 720 153** मा फोन गर्नुहोस्।

**फेररमा मतदानका लागि नामांकित भएका 18 वर्ष र सो भन्दा बढी उमेरका अष्ट्रेलियन नागरिकका लागि मतदान अनिवार्य छ।**
**यदि तपाईंले मतदान गर्नु भएन भने तपाईंमाथि मुद्दा लाग्न सक्छ। एक पटकभन्दा बढी मतदान गर्नु एक फौजदारी अपराध हो।**

26_2201

aec.gov.au 13 23 26

AEC Australian Electoral Commission

Authorised by the Electoral Commissioner, 10 Mort Street, Canberra ACT 2601
निर्वाचन आयुक्तबाट जारी गर्न अधिकार प्राप्त, 10 मोर्ट स्ट्रिट, क्यानबेरा ACT 2601